# छबिसपाथिभेरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ संख्या: ४ मिति:- २०७९।१०।१०

भाग: २

१. स्वयम सेवक शिक्षक ब्यवस्थापन कार्यविधी, २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मिति:-२०७९।०७।१४

प्रमाणीकरण मिति:- २०७९।०७।१६

राजपत्रमा प्रकाशन मिति:- २०७९।१०।१०

आज्ञाले

नाम:- गगन बहादुर ऐडी

पद:- प्रमुख प्रशासकीय अधिकृत

# स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९

प्रस्तावनाः विभिन्न ब्यक्ति, संस्था, समुदाय तथा नेपाल सरकारको लगानी र योगदानबाट संञ्चालित सामुदायिक विद्यालयहरुको लगानी व्यवस्थित गरी सामुदायिक विद्यालयहरुमाथिको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरीय शिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि छबिसपाथिभेरा गाउँपालिकाअन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा तहगत रुपमा पालिकाबाट सिर्जित स्वयंसेवक शिक्षक दरबन्दीहरुको समानुपातिक एवम् समन्यायिक वितरण गर्दै शून्य शिक्षक दरबन्दी भएका निजी स्रोतबाट शिक्षकको तलबभत्ता बेहोर्ने गरी संञ्चालित सामुदायिक विद्यालयलाई टेवा पुर्‍याउन,मौजुदा शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर गरी शिक्षकको माग र अभावलाई परिपूर्ति गर्न स्वयंसेवक शिक्षक छनौटको मापदण्ड निर्धारण गरी नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित र पारदर्शी बनाउन नेपालको संविधान,२०७२ को अनुसुची ८,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) मा भएको व्यवस्थाले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ बनाई जारी गरेको छ।

परिच्छेद-१

## संक्षिप्त नाम र परिभाषा

छविसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्यासी, जाजरकोट

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९" रहेको छ।

(२) यो कार्यविधि छविसपाथिभेरा गाउँपालिकाभित्रका अनुमति तथा स्वीकृति प्राप्त सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०७२ देखि लागु हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित गरी प्रमाणीकरण भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा:- विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले छविसपाथिभेरा गाउँपालिकालाई सम्झनु पर्छ।

ख. "कार्यविधि" भन्नाले करारका स्वयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ लाई सम्झनुपर्छ।

ग. "कार्यपालिका" भन्नाले छविसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

घ. "शिक्षक दरबन्दी" भन्नाले छविसपाथिभेरा गाउँपालिकाभित्रका हाल मौज्दात शिक्षक दरबन्दी र छविसपाथिभेरा गाउँपालिकाबाट थप गरेका स्वयंसेवक शिक्षकको दरबन्दीस्रोतलाई सम्झनुपर्छ।

ङ. "शिक्षक" भन्नाले छविसपाथिभेरा गाउँपालिकाभित्र कार्यरत सम्पूर्ण स्थायी,अस्थायी, राहत, करार, लियन, प्रारम्भिक बाल विकास सहजकर्ता साथै गाउँपालिकाको अनुदानमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ।

च. "स्वयंसेवक शिक्षक" भन्नाले छविसपाथिभेरा गाउँपालिकाभित्रका ,अनुमतिप्राप्त वा स्वीकृतिप्राप्त सामुदायिक विद्यालयमा शून्य शिक्षक दरबन्दी वा शिक्षक अभाव भई गाउँ कार्यपालिकाले दरबन्दी, तथा कोटा सृजना गरी स्वीकृत गरेका शिक्षक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ।

छ. "शिक्षक छनौट समिति" भन्नाले स्वयंसेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस कार्यविधिको नियम ५ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

ज. "अध्यक्ष" भन्नाले छविसपाथिभेरा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

झ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छविसपाथिभेरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ञ "स्थानीय शिक्षा अधिकारी" भन्नाले छविसपाथिभेरा गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुख तथा प्रतिनिधि वा कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ।

ट "शिक्षा शाखा" भन्नाले छविसपाथिभेरा गाउँपालिका भित्रका विद्यालयको रेखदेख, निरीक्षण तथा सुपरीवेक्षण गर्ने शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ।

ठ. "विषय विशेषज्ञ" भन्नाले सम्बन्धित विषयमा स्नातकोत्तर वा स्नातक (मा.वि.तहको लागि) र स्नातक तह (आधारभूत तहको लागि ) उत्तीर्ण गरेका व्यक्ति वा शिक्षकलाई सम्झनुपर्छ।

ड "अनुदान" भन्नाले यस कार्यविधिको दफा ११ को उपदफा(१) बमोजिमको अनुसारको स्वयंसेवक शिक्षकलाई प्रदान गरिने अनुदानलाई सम्झनुपर्छ।

ढ. "तलब" भन्नाले यस कार्यविधिको दफा ११ अनुसार स्वयंसेवक शिक्षकलाई दिइने पारिश्रमिक वा तलबलाई सम्झनुपर्छ

ण. "गाउँ शिक्षा समिति" भन्नाले छविसपाथिभेरा गाउँपालिकाको शिक्षा नियमावली २०७५ बमोजिम गठित शिक्षा समिति सम्झनुपर्छ।

## परिच्छेद - २
## स्वयंसेवक शिक्षक दरबन्दी सिर्जना र योग्यता

३. **स्वयंसेवक शिक्षक अनुदान कोटा सिर्जना गर्न सक्ने:**

क. छबिसपाथिभेरा गाउँपालिकाका गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँकार्यपालिकाले बालबिकास, आधारभूत तह र माध्यमिक तहका स्वयंसेवक शिक्षक कोटा आवश्यकताका आधारमा सिर्जना गर्न सक्नेछ।

ख. स्वयंसेवक शिक्षक दरबन्दी सिर्जना तथा वितरण देहायबमोजिमको मापदण्डका आधारमा गरिने छः

अ. शून्य दरबन्दी भएका विद्यालयहाई पहिलो प्राथमिकता दिइने छ।

आ. एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने।

इ. विद्यालयमा संचालित कक्षा, तह र उच्च शिक्षक विद्यार्थी अनुपातलाई आधार मानि थप गर्दै जाने।

ई. आधारभूत तह(६-८) र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीको आधारमा वितरण गरिने छ।

ग. दरबन्दी सिर्जना गरिने आधार

१. प्रारम्भिक बाल विकाससहजकर्ता -२० जना बराबर १ जना

२. आधारभुत तह (कक्षा १—५ ) २० जना विद्यार्थी बराबर १ जना शिक्षक

३. आधारभुत तह (कक्षा ६—८ ) २० जना विद्यार्थी बराबर १ जना शिक्षक

४. माध्यमिक तह (कक्षा ९—१२) २० जना विद्यार्थी बराबर १ जना शिक्षक

५. माध्यमिक तह (कक्षा ११—१२) २० जना विद्यार्थी बराबर १ जना शिक्षक

पुनश्चः माथिउल्लेखित मापदण्ड सामुदायिक विद्यालयमा नेपाल सरकारको कुनै पनि किसिमको दरबन्दी प्राप्त नगरेको तथा माथिउल्लेखित विद्यार्थी संख्याको आधारमा अपुग भएका विद्यालयको हकमा मात्र लागु हुनेछ र नेपाल सरकारबाट कुनै प्रकारको दरबन्दी प्राप्त हुनासाथ स्वयसेवक दरबन्दी स्वतः फिर्ता गरिनेछ।

घ. **स्वयंसेवक शिक्षकको योग्यतासम्बन्धी ब्यवस्था:** (१) प्रचलित संघीय सरकारको शिक्षा ऐन, २०२८ शिक्षा नियमावली,२०५९ र शिक्षक सेवा आयोग नियमावली,२०५७(संशोधनसहित) बमोजिमको योग्यताहरु अनिवार्य रुपमा पूरा गरेको हुनुपर्नेछ। साथै प्रारम्भिक बाल विकास सहजकर्ताको शैक्षिक योग्यता प्रवीणता प्रमाणपत्र तह वा सोसरह वा तालिमप्राप्त र अध्यापन अनुपतिपत्र प्राप्त गरेको हुनुपर्नेछ।

## परिच्छेद -३
## शिक्षक छनौट समिति गठन र परीक्षाको पाठ्यक्रम

४. **स्वयंसेवक शिक्षक छनौट समिति रहने:**

१) सामुदायिक विद्यालयमा स्वयंसेवक शिक्षक नियुक्तिका लागि सिफारिस गर्न गाउँपालिकामा देहायबमोजिमको एक शिक्षक छनौट समिति रहनेछ:

क) शिक्षा समिति संयोजक — संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी — सदस्य

ग) सामाजिक विकास समितिको संयोजकले तोकेको १ जना शिक्षक वा कर्मचारी — सदस्य

घ) शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीमध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी १ जना - सदस्य

ङ) गाउँ शिक्षा समितिले मनोनित गरेको कम्तिमा सम्बन्धित विषयमा स्नातकोत्तर (मा बि तह) र स्नातक तह (आधारभत तह) उत्तीर्ण गरेका माध्यमिक तहका स्थायी शिक्षकहरु मध्येबाट सम्भव भएसम्म १ जना महिला पर्ने गरी २ जना विषय विशेषज्ञ - सदस्य

च) शिक्षा शाखा प्रमुख वा प्रतिनिधि - सदस्य सचिव

२) समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

क) स्वीकृत दरबन्दी संख्याको अधीनमा रही खुला प्रतिस्पर्धात्मक परीक्षाबाट स्वयंसेवक शिक्षक नियुक्ति गर्न गाउँपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने,

ख) परीक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा संचालन गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने गराउने र अन्तिम नतिजा प्रकाशित गर्ने।

ग) परीक्षाको लागि तह (शिक्षक सेवा आयोगले तोकेअनुसारको)अनुसारको पाठ्यक्रम निर्धारण गर्ने,

घ) परीक्षा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने ,व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने,

ङ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एंव त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने,

च) गाउँ कार्यपालिका एंवम् गाउँ शिक्षा समितिसँग परीक्षा संचालनको सम्बन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने,

छ) परीक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने र गराउने,

ज) सफल उम्मेद्वारलाई नियुक्तिको लागि सम्बन्धित विद्यालयमा सिफारिस गर्ने।

३) समितिको बैठेक सम्बन्धी कार्यविधि समितिले तोकेबमोजिम हुनेछ।

४) समितिमा रहेका सदस्यहरुको कार्य विभाजन समितिको संयोजकले तोकेअनुसार हुनेछ।

५) **पाठ्यक्रम,परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रिया:** स्वयंसेवक शिक्षकको परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली शिक्षक सेवा आयोग नियमावलीमा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद - ४
## स्वयंसेवक शिक्षक छनौट प्रक्रिया र नियुक्ति सम्बन्धी व्यवस्था

५. **खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि विज्ञापन गर्नुपर्ने:** नियम ५ को उपनियम १ बमोजिम गठित स्वयंसेवक शिक्षक छनौट समितिले कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुका साथै वडा कार्यालय र गाउँपालिकामा सूचना टाँस गर्नु पर्नेछ। यस्तो सूचना एफएम मार्फत प्रशारण गर्नुका साथै सम्बन्धित स्थानीय तहको वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

६. **शिक्षक छनौट समाबेशी बनाउनु पर्ने :** शिक्षक छनौटलाई समावेशी बनाउन गाउँ कार्यपालिकाबाट स्वीकृत स्वयंसेवक शिक्षक दरबन्दीमा खुल्ला प्रतियोगितामा पूर्ति हुने शिक्षक पदलाई नेपाल सरकारको प्रचलित समावेशीताको मापदण्डअनुसारको प्रतिशत निर्धारण गरी सो समूहका उम्मेद्वारहरु बीचमा मात्र छुट्टा–छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

७. **दरखास्त बुझाउनु पर्ने:** प्रतियोगितामा भाग लिन चाहने उम्मेद्वारले शिक्षक छनौट समितिबाट तोकिएबमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ

८. स्वयंसेवक शिक्षक भर्ना गर्न प्रथम पटक गरिएको विज्ञापनमा कुनै विषयमा अध्यापन अनुमतिपत्र भएको कुनै पनि उम्मेद्वारको नियमानुसार दरखास्त पेश नभएमा शैक्षिक योग्यता मात्र पुगेका व्यक्तिहरुको दरखास्त फाराम स्वीकृत गरिनेछ तर शिक्षक पदमा नियुक्ति भइसकेपछि पहिलो पटक शिक्षक सेवा आयोगद्वारा लिइने अध्यापन अनुमति पत्रको परीक्षा उत्तीर्ण भई अध्यापन अनुमति पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ, अन्यथा स्वतःपद मुक्त हुनेछ।

९. लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेद्वारलाई सम्बन्धित विद्यालयले स्वयमसेवक शिक्षक पदमा नियुक्ति दिनेछ।

## परिच्छेद ५

## तलब तथा पारिश्रमिक र बिदासम्बन्धी व्यवस्था

१०. **पारिश्रमिक तथा तलव भत्ता सम्बन्धी व्यवस्थाः** (१) विभिन्न तहमा नियुक्त स्वयंसेवक शिक्षकहरुको तलब पारिश्रमिक तथा तलब भत्ताको भुक्तानी तथा निकासा गाउँपालिकाको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड तथा आन्तरिक आम्दानीबाट मासिक देहाय बमोजिमको दरले मासिक वा त्रैमासिक वा चौमासिक रुपमा गा.पा.को शिक्षा शाखाबाट निकासा हुनेछः

क) मा.बि.तह (कक्षा ११–१२) - रु.२४,०००।

ख) मा.वि.तह (कक्षा ९–१०) - रु.२४,०००।

ग) आधारभूत तह (कक्षा ६–८) - रु.१८,०००।

घ) आधारभूत तह (कक्षा १–५) - रु.१५,०००।

ङ) प्रारम्भिक बालकक्षा विकास सहजकर्ता - रु १०,०००।

२) माथि उपनियम (१) मा उल्लेखित तहका शिक्षकले १ महिनाको परिश्रमिक बराबरको रकम चाडपर्व खर्चको रुपमा पाउनेछन् तर पोशाक तथा अन्य भत्ता पाउने छैनन्।

३) यस कार्यविधि बमोजिम नियुक्त भएका स्वयमसेवक शिक्षकको नियुक्ति पत्रको प्रतिलिपि सहित हाजिरी प्रमाणित गरी सम्बन्धित प्र.अ.ले तलब भुक्तानीका लागि शिक्षा शाखामा माग गर्नु पर्नेछ।

४) यस कार्यविधिमा उल्लेखित परिश्रमिक भन्दा बढी परिश्रमिक तथा तलबको लागि शिक्षकले दावी गर्न पाउने छैन तर सम्बन्धित विद्यालयले आफ्नो स्रोतबाट थप परिश्रमिक वा भत्ता उपलब्ध गराउन सक्नेछ।

११. **बिदा सम्बन्धी व्यवस्था:** १) स्वयसेवक शिक्षकले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक बिदाबाहेक शिक्षा नियमावलीमा तोकिएअनुसारको भैपरी र पर्व बिदा मात्र पाउनेछन।

(२) स्वयमसेवक शिक्षकको बिदा स्वीकृत सम्बन्धित विद्यालयको प्र.अ.ले गर्नेछ।

(३) बिदामा बस्नु पर्दा बिदा पूर्व स्वीकृत गराउनु पर्नेछ।

(४) विदा सहुलियत हो अधिकार होइन।

## परिच्छेद - ६

## आचारसंहिता, सजाय र पुरस्कार सम्बन्धी व्यवस्था

१२. **आचारसंहिता तथा सेवासर्तः** यस कार्यविधिबमोजिम नियुक्त भएका स्वयंसेवक शिक्षकले तपशीलअनुसारको आचारसंहिता पालना गर्नु पर्नेछः

क) नियमित रुपमा प्रत्येक दिन विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएका आफ्ना जिम्मेवारी पूरा गर्ने।

ख) विद्यार्थी र शिक्षकबीच मित्रवत् रुपमा व्यवहार कायम गर्ने।

ग) आफ्नो पेशाप्रति इमान्दारिता साथ विद्यालयको चौतर्फी विकासमा जोड दिने।

घ) जुनसुकै परिस्थितिमा पनि विद्यालयका गोप्य हुनुपर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन।

ङ) पद अनुसारको आचरण पालना गरेको हुनु पर्दछ।

च) विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने,तालाबन्दी गर्ने,शारीरिक तथा मानसिक दबाव दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन समेत पाइने छैन।

छ) विद्यालय हाता भित्र धुम्रपान,सुर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन्।

ज) मादक पदार्थ सेवन गरी विद्यालय भित्र प्रवेश गर्न पाइने छैन।

झ) आर्थिक अनुशासन भित्र रहनु पर्नेछ।

ञ) शिक्षकले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचारसंहिताको हकमा शिक्षा ऐन,२०२८ नियमावली,२०५९ र गाउँ शिक्षा नियमावली,२०७५ ले निर्दिष्ट गरेको आचारसहिताको पालना गरेको हुनु पर्नेछ।

गाउँ कार्यपालिकाको कार्यालय ब्यासी, दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल

१३. **सजायः उचित र पर्याप्त कारण भएमा नियुक्त शिक्षकलाई देहायबमोजिमको सजाय गर्न सकिनेछः**

क) नसिहत दिने।

ख) तलब रोक्का गर्ने।

ग) आवश्यक क्षतिपूर्ति सहित जरिवाना गर्ने।

घ) निश्चित समयको लागि निलम्बन गर्ने।

ङ) सेवाबाट हटाउने वा बर्खास्त गर्ने।

१४. नसिहत दिनेः शिक्षकले विद्यालयमा समयमा नआउने, जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ।

१५. **तलब रोक्का गर्नेः** देहायका अवस्थामा शिक्षकको तलब रोक्का गर्न सकिनेछ:

क) अनुशासनहीन काम गरेमा।

ख) बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा।

ग) बारम्बार बिना सूचना विद्यालयमा अनुपस्थित रहेमा।

घ) विद्यालयको काम समयमा सम्पन्न नगरेमा।

ङ) विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा।

च) आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा।

छ) मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेमा।

ज) विद्यालयको गोपनियता भंग गरेमा।

झ) यस कार्यविधिमा उल्लेखित आचारसंहिताको पालना नगरेमा।

१६. **आवश्यक क्षतिपूर्ति सहित जरिवाना गर्नेः** कुनै पनि शिक्षकले जानाजानी लापरबाही गरी प्रचलित कानुन उल्लङ्घन गरी विद्यालयलाई कुनै हानि–नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा पूरै निजकै तलब बाट कट्टा गरी असुल उपर गरिनेछ एवं तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ।

१७. **निश्चित समयको लागि निलम्बन गर्नेः** यस कार्यविधि बमोजिम नियुक्त कुनै पनि शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ।

१८. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने:**

१. देहायका अवस्थामा नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ:

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा।

ख. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेको कुरा प्रमाणित भएमा।

ग. विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी १५ (पन्ध्र) दिन सम्म गयल भएमा

घ. विद्यालयलाई हानी नोक्सानी हुने गरी कार्य बारम्बार गरेमा।

ङ. पदीय रुपमा विद्यालयको गोपनीयता भंग गरेमा।

च. अनुशासन तथा आचरणसँग सम्बन्धित व्यवस्था बारम्बार उल्लघंन गरेमा।

छ. नैतिक पतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा।

ज. मगज बिग्रेमा।

झ. विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा।

२. देहायका अवस्थामा अनुदानमा करार नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ:

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

ख. भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा।

ग. नोकरी पाउने उद्देश्यले जाली प्रमाण पत्र पेश गरेमा।

१९. **सफाईको अवसर दिनुपर्ने:** सजाय दिन पाउने अधिकारीले स्वयमसेवक शिक्षक पदमा नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाकाट बञ्चित गरिने छैन। त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ।

२०. **सजाय गर्ने अधिकारी:** यस कार्यविधि अनुसार अनुदानमा करार नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहायबमोजिम हुनेछन्:

क. शिक्षकलाई चेतावनी दिने, नसिहत दिने, गयल कट्टा गर्ने प्र.अ.।

ख. तलब रोक्का गर्ने प्र.अ.को सिफारिसमा गाउँ शिक्षा अधिकारी।

ग. सेवाबाट हटाउने वा बर्खास्त गर्ने वि.व्य.स.को सिफारिसमा गाउँ शिक्षा समिति।

२१. **पुरस्कार:** उत्कृष्ट सिकाई उपलब्धि हासिल हुनेगरी शिक्षण सिकाई क्रियाकलाप गर्ने र विद्यालयको व्यवस्थापनमा सहयोग पुर्याई गुणस्तरीय शिक्षाको विकासमा सहयोग पुर्याउने शिक्षकहरुलाई सम्बन्धित विद्यालय वा पालिकाले पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद - ७

## विविध

२. विविध:

१. यस "स्वयसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९" मा समयानुसार संशोधन तथा थपघट गर्ने अधिकार गाउँ शिक्षा समितिमा रहनेछ।

२. यस कार्यविधि अनुसार नियुक्त करार स्वयंसेवक शिक्षकलाई पालिकाले निरन्तरता दिन वा कटौती गर्न सक्नेछ र सम्बन्धित विद्यालयले सोही अनुसार करार सम्झौता थप वा नवीकरण वा रद्द गर्नुपर्नेछ।

३. यो कार्यविधि जारी भएपछि संघीय सरकार र प्रदेश सरकारबाट शिक्षण सिकाइ सहयोग अनुदान वा जुनसुकै प्रकारको दरबन्दी वा कोटा प्राप्त भई विद्यालय तहमा शिक्षक नियुक्त गर्नु पर्ने भएमा यसै कार्यविधि बमोजिम गर्न सकिने छ र ती शिक्षकका हकमा पनि यस कार्यविधिमा उल्लेख भएका कुराहरु लागु हुने छन्।

४. यस कार्यविधिमा उल्लेख भएको कुराहरु संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

५. यस कार्यविधिमा उल्लेख नभएका प्रावधानहरुको हकमा गाउँ शिक्षा नियमावली, २०७५ त्यस्तै प्रचलित शिक्षा ऐन २०२८, शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ ( संशोधनसहित ) अनुसार हुनेछ ।

६. यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँ शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

प्रमाणीकरण मिति: २०७९/०८/१४

.....................................

आज्ञाले,

गगन बहादुर ऐडी

प्रमुख प्रशासकीय अधिकृत